Vangmaya
Vol. 22, No. 1: 126-138, July-August 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v22i1.85539
Orcid: https://orcid.org/0009-003-6819-3224

नेपाली टुक्कामा सांस्कृतिक प्रतीक

डा. सखिशरण सुवेदी*

लेखसार

विशिष्ट सूत्रात्मक कथन टुक्का हो । टुक्कामा मानव समाजका विभिन्न सांस्कृतिक प्रतीकहरू व्यक्त भएको हुन्छ । मानव समाजमा विभिन्न किसिमका अवधारणाहरू रहेका हुन्छन् । ती अवधारणाहरूमध्ये लोकप्रचलित अवधारणा व्यक्त हुने सन्दर्भमा नेपाली टुक्काको प्रयोग भएको हो । मानिसले आफ्नो शताव्दीऔँ पुरानो परम्परादेखि मान्दै आएका अवधारणाहरू टुक्काको सांस्कृतिक प्रतीकका रूपमा रहेका हुन्छन् । मानिसले आफूलाई आफ्नै संस्कृतिको सेरोफेरोमा चिन्दै र जान्दै आएका हुनाले ती अवधारणाहरू टुक्काका माध्यमबाट व्यक्त भएका हुन् । परम्परादेखिको विश्वास विश्वदृष्टि हो । यसैबाट संस्कृतिको निर्माण हुन्छ । टुक्का र त्यसको अर्थनिर्धारण संस्कृतिकै सापेक्षतामा हुन्छ । मानिसले आफ्ना वरपरका मूर्त-अमूर्त वस्तुका वैशिष्ट्यलाई अनुभवसँग जोडेर टुक्काहरूको निर्माण गर्दछ । टुक्काको अर्थमा ती अनुभवहरू मिश्रित हुन पुगेका हुन्छन् । यस किसिमको मिश्रित अर्थ एउटा घटकको अन्य घटकसँग सांस्कृतिक दृष्टिकोण समेतको सहप्रयोगका आधारमा व्यक्त भएको हुन्छ । यस किसिमको मिश्रित अर्थ नै टुक्काको विशिष्ट अर्थ हुन्छ । संज्ञानात्मक अवधारणात्मक प्रणालीको मान्यताका आधारमा नेपाली भाषाको प्रयोगमा रहेका टुक्काहरूमा सांस्कृतिक प्रतीकको निरूपण गर्न सकिन्छ । नेपाली टुक्कामा धर्म, संस्कार, लोकविश्वास, पुराण, जात र पेसा, आचरण, ज्योतिष, खेल, जीवजन्तु र पक्षी, हातहतियार, भाव, समय र परिमाणसँग सम्बन्धित सांस्कृतिक प्रतीक व्यक्त भएको पाइन्छ ।

शब्दकुञ्जी : अवधारणा, पाठभण्डार, लोकविश्वास, संरचक घटक, सार्वभौम ।

विषयपरिचय

भाषाको आफ्नो छुट्टै सांस्कृतिक पृष्ठभूमि हुन्छ । नेपाली भाषा पनि सामाजिक सांस्कृतिक रूपमा विकसित भाषा हो । यसको आफ्नो छुट्टै सांस्कृतिक पहिचान छ । नेपाली भाषा र यसका प्रयोक्ताले सबै नेपाली र यहाँका भाषाभाषीलाई एकै ठाउँमा राखेको छ । नेपाली भाषाका प्रयोक्ता, यिनको मस्तिष्क, शरीर र जीवनलाई शुद्ध पार्न र नियमितता दिन संस्कृतिले आधारको काम गरेको छ । यो विगत, वर्तमान र भविष्यसँग पनि जोडिन्छ । मानिसका रहनसहन, परम्परा, बानीबेहोरा जस्ता सबै पक्षहरू यसैले समेटेको हुन्छ । पुखौँदेखि चलिआएका चाडपर्व, धर्म, संस्कार, जातजाति, पेसा, पहिरन, ज्योतिष आदि सांस्कृतिक निधि हुन् । यिनै सांस्कृतिक दृष्टिकोणका आधारमा नेपालीका टुक्काको निर्माण भएको छ । भाषिक प्रयोगमा मिठास भर्न र कलात्मक भाषिक प्रयोगमा विशिष्टता थप्नका लागि टुक्काको निर्माण र प्रयोग भएको हो । आफूले आफ्नो संस्कृतिभित्र देखेभोगेका मूर्त वस्तुका गुणका आधारमा अमूर्त र विशिष्ट भावाभिव्यक्तिलाई टुक्कामा समेटिएको हुन्छ । टुक्काको अर्थ संस्कृतिले निर्धारण गरेको हुन्छ । सांस्कृतिक प्रतीकका आधारमा टुक्काहरू आन्तरिक रूपमा संरचित भएका हुन्छन् । तिनको आन्तरिक संरचना भनेको अर्थ संरचना हो र त्यो सांस्कृतिमा निर्भर

---

* डा. सुवेदी बुटवल बहुमुखी क्याम्पसमा सहप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

छ । संस्कृतिमा भएका अवधारणात्मक सांस्कृतिक सूचनाहरूलाई टुक्कामा प्रत्यक्ष रूपमा प्रकटीकरण गरिएको हुन्छ । यस्ता टुक्काको अर्थ संस्कृतिमा निहित रहेको हुन्छ । सांस्कृतिक प्रतीक बानीका रूपमा रहने हुनाले संस्कृतिको ज्ञानविना टुक्काको अर्थ बुझिँदैन । यसैले टुक्काहरू सांस्कृतिक अवधारणा अनुरूप बोधगम्य हुन्छन् । संस्कृतिले स्वीकार गरेको मूल अवधारणाअनुरूप टुक्काको अर्थ रहेको हुन्छ । त्यही सांस्कृतिक अवधारणाअनुरूप नेपाली भाषाका टुक्कामा सांस्कृतिक प्रतीकको प्रयोग पहिल्याई सांस्कृतिक प्रतीकअनुरूप अर्थ विश्लेषण गर्ने मूल उद्देश्यले यो लेख तयार पारिएको छ । यस सन्दर्भमा अध्ययनहरू भएको भए तापनि गहन अध्ययन विश्लेषण नभएकाले यस लेखमा सांस्कृतिक प्रतीकका बारेमा चर्चा गरिएको छ ।

तथ्याङ्कको सङ्कलन र विश्लेषणविधि

प्रस्तुत लेख प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी तयार पारिएको छ । यसमध्ये प्राथमिक सामग्रीका रूपमा निर्धारित क्षेत्रमा बोलचालमा रहेका टुक्काहरू सङ्कलन गरी सांस्कृतिक प्रतीकअन्तर्गतको वर्गीकरणमा परेका सीमित टुक्काको मात्र अर्थविश्लेषण गरिएको छ । यसको वर्गीकरणका लागि विभिन्न किसिमका सांस्कृतिक प्रतीकमध्ये धर्म, संस्कार, लोकविश्वास, पुराण, जात र पेसा, आचरण, ज्योतिष, खेल, जीवजन्तु र पक्षी, हातहतियार, भाव, समय र परिमाणसँग सम्बन्धित सांस्कृतिक प्रतीकका आधारमा मात्र नेपाली टुक्काको अर्थविश्लेषण गरिएको छ । यसक्रममा विभिन्न अनुसन्धान प्रतिवेदन, पुस्तक, विभिन्न किसिमका जर्नल र पत्रपत्रिकामा प्रकाशित लेखहरू एवम् पाठभण्डार (कर्पस) मा प्रयोग भएका टुक्काहरूको सङ्कलन गरी संज्ञानात्मक अर्थवैज्ञानिक अवधारणाअन्तर्गत पर्ने सांस्कृतिक प्रतीकात्मक अवधारणाका आधारमा अर्थविश्लेषण गरिएको छ । टुक्काको प्रयोगमा मानवीय चिन्तनको विकासको शृङ्खला हुने हुँदा ऐतिहासिक विधि, टुक्काको सामाजिक, सांस्कृतिक, आर्थिक पक्ष र यसको स्वरूप निर्धारणका निम्ति समग्रताको अध्ययनमा केन्द्रित रहने गरी विश्लेषण विधि र टुक्काको प्रयोग भाषिक अभिव्यक्तिका क्रममा व्यक्तिका सोचाइ, भावना, चाहना, सोच्ने र बुझ्ने शैली तथा मानसिक अवस्थाको प्रतिबिम्बका रूपमा गरिने हुँदा अन्तःप्रेक्ष्यात्मक विधिको उपयोग गरिएको छ ।

सैद्धान्तिक पर्याधार

संज्ञानात्मक अर्थविज्ञानअनुसार मानिसले कुनै व्यक्ति, वस्तु, स्थितिसँग सम्बन्धित रहेर आफ्नो अनुभूतिका आधारमा बनाएको दृष्टिकोण नै संस्कृति हो (ल्याकोफ र जोन्सन, सन् १९८०, पृ. २४) । विज्ञान र प्रविधिका नवीनतम प्रयोगले परम्परागत मानवीय मूल्य र मान्यतामा परिवर्तन देखिएको छ तापनि त्यसमा नेपाली संस्कृतिको प्रभाव भने रहेकै छ । मानिसका अनुभवमा आधारित दृष्टिकोणले सांस्कृतिक अवधारणा तयार पार्दछ र नवीनतम खोजतर्फ मानिसलाई प्रेरित गर्दछ । संज्ञानात्मक अर्थविज्ञानमा समाजसंज्ञान पद्धतिका अवधारणाहरू रहने कुरा डिज्क (डिज्क, सन् १९९५ क, सन् १९९५ख, सन् १९९८क, सन् १९९८ख) ले बताएका छन् । यसमा समाजका सदस्यबाट विचारलाई आधारका रूपमा लिएर सामाजिक सांस्कृतिक मूल्यमान्यताअनुरूप निर्धारण गरिएको हुन्छ । समाजको एउटा सदस्यले निर्माण गरेका विचारको योजना समुदायको विचार बन्न पुगी लोकप्रचलित हुन जान्छ । यस किसिमको विचार सुरूमा कुराकानी र पछि गएर पाठका सन्दर्भमा आउँछ (डिज्क, सन् १९९५ क, पृ. २४५) । ल्याकोफ र जोन्सनले प्रस्तुत गरेको अवधारणाअनुरूप अवधारणा भनेको विचारको झुण्ड भएकाले यो समाज संज्ञानबाट निर्माण हुने हुँदा यसले मानिसको संसार हेर्ने दृष्टिकोणमा भिन्नता ल्याउन सक्दछ । सामाजिक सन्दर्भमा समाज संज्ञानबाट उत्पन्न अवधारणा सांस्कृतिक प्रतीकको

अवधारणा हुन्छ । भिन्न समाज र सांस्कृतिक अवधारणा अनुरूप अर्थ विश्लेषण हुन्छ (डिज्क, सन् १९९८ ख, पृ. २१) । नेपाली भाषामा भएका टुक्काहरू व्यक्तिका अवधारणा मात्र नभएर सामाजिक एवम् सांस्कृतिक अवधारणाका रूपमा रहेका छन् ।

संस्कृतिभित्रका अधिकांश आधारभूत मान्यताहरू लाक्षणिक संज्ञानका आधारभूत अवधारणासँग जोडिएका हुन्छन् । 'माथि' सँगको अवधारणा 'तल' को अवधारणासँग मेल खाँदैन । 'माथि' र 'तल' एउटै हुन् भन्ने कुरा सामाजिक सांस्कृतिक मान्यताभित्र पर्दैन । 'धेरै असल छ' को 'धेरै माथि छ', 'असल माथि छ' सँग मेल छ भने 'थोरै माथि छ', 'खराब माथि छ' सँग मेल छैन । समाजका सांस्कृतिक मूल्यहरू रूपकभन्दा बाहिर छैनन् । अवधारणाहरू एकअर्कोमा परिवर्तित हुन सक्छन् । यस अवस्थामा एक किसिमले व्यक्त गर्नुपर्ने अवधारणा फरक किसिमबाट व्यक्त हुन जान्छ (ल्याकोफ र जोन्सन, सन् १९८०, पृ. ७६) । संस्कृतिभित्रका सबै वस्तुहरू समान अस्तित्वका भए तापनि ती सबै व्यवहारमा समान छैनन् । फरक-फरक अस्तित्वहरू फरक-फरक रूपकका निम्ति प्रयोग हुन्छन् । 'धेरै माथि छ' र 'असल माथि छ' भन्ने सन्दर्भमा सबै धेरै असल कुराहरूमात्र माथि हुन्छ भन्ने छैन । खराब कुराहरू पनि माथि हुन सक्छन् । 'हत्या दर माथि छ' मा 'हत्या' असल नभएर खराब कुरा हो र यो माथि हुन सक्छ । 'धेरै' मात्रात्मक रूपमा माथि हुन सक्छ भने हत्या गुणात्मक रूपमा माथि हुन सक्छ ।

संस्कृतिभित्र भिन्न किसिमका मान्यताहरू रहन सक्छन् । त्यसलाई उपसंस्कृतिका रूपमा लिन सकिन्छ । समाजमा भएका भिन्न संस्कृतिहरू भिन्न प्राथमिकतामा पर्दछन् (फिल्मोर, सन् १९८२, पृ. १७५) । 'ठुलो असल छ' भन्ने धारणा सबैका लागि मिल्दैन । ठुलो घर किन्ने चाहना राख्दा गरिबका लागि चिन्ता हुन्छ भने सम्पन्नका लागि सुख हुन्छ । गरिबका लागि ठुलो खराब छ, उसका लागि 'सानो' असल छ । गरिबका लागि सानो वा सस्तो घर किन्ने चाहना राख्दा भविष्यका बारे कुनै चिन्ता हुँदैन । कसैका लागि ठुलो घर असल हुन सक्छ भने कसैका लागि सानो घर असल हुन सक्छ । सञ्चित पैसा बढी भएमा मात्र 'ठुलो असल छ' सत्य सावित हुन सक्छ । उपसंस्कृतिभित्र धारणाहरूलाई आफ्नो मान्यताअनुरूप परिभाषित गरिएको हुन्छ । संस्कृतिको मूल अवधारणा उपसंस्कृतिको अवधारणासँग मेल खाँदैन । हाकिमको आज्ञापालन गर्ने नोकरका लागि न्यून वा सानो असल हुन्छ । यस सन्दर्भमा सानो असल हुन्छ भन्ने अवधारणा सत्य हुन्छ । केलाई महत्त्वपूर्ण मान्ने भन्ने कुरा आफ्नो स्तरले निर्धारण गर्दछ । नैतिकता, असलपन र सामाजिक स्तर तुलनात्मक रूपमा पुनर्परिभाषित छन् (लङ्गेकर, सन् १९९१ ख, पृ. २५३) । यिनलाई संस्कृतिभित्र 'माथि' राखिएको हुन्छ । यसैका आधारमा रहेर माथि-तल, राम्रो-नराम्रो, असल-खराब आदि अवधारणा बन्दछ ।

सबै संस्कृतिमा 'तल-माथि' का अवधारणा प्राथमिकता क्रममा पर्दैनन् । त्यसमा सन्तुलनको महत्त्वपूर्ण भूमिका रहन्छ । 'के' लाई 'के' मान्ने भन्ने कुरा संस्कृतिले निर्धारण गर्दछ । जुन विषयले प्रभाव पार्छ, जसको असर सकारात्मक हुन्छ त्यो 'माथि' र जसको प्रभाव कम पर्छ र असर नकारात्मक हुन्छ त्यो तल पर्ने अवधारणा तयार हुन्छ (फङ्ग, सन् १९८८, पृ. २४६) । फरक-फरक संस्कृतिमा फरक-फरक अवधारणा रहे तापनि त्यसभित्र एउटा मूल साझा अवधारणा रहन्छ, त्यसैका आधारमा लाक्षणिक अवधारणा निर्माण हुन जान्छ ।

संज्ञानात्मक अवधारणा संस्कृतिमा निर्भर गर्दछ । कुनै शब्दले सबै संस्कृतिमा एउटै अर्थ दिँदैन । कुनैका लागि धेरै असल हुन्छ भने कुनैका लागि थोरै असल हुन्छ । कुनैमा सक्रिय हुनु राम्रो हो भने कुनैमा निष्क्रिय हुनुलाई राम्रो मानिन्छ । 'पोथी बास्नु' (महिला अग्रसर हुनु) महिलाको क्रियाशीलता राम्रो नमान्ने नेपाली संस्कृतिको टुक्का हो । महिला निष्क्रिय भएको राम्रो मान्ने नेपाली संस्कृतिमा 'पोथी बास्नु' लाक्षणिक छ । पितृसत्तात्मक समाज, घरपरिवार, पारिवारिक दायित्व

बोध, सहनशीलता जस्ता नारीका गुणलाई हेरेर अग्रसर हुनु महिलाका लागि नराम्रो मान्ने नेपाली संस्कृति अनुरूप 'पोथी बास्नु', 'जोइटिङ्ग्रे बन्नु', 'फरियामा घुस्नु' जस्ता टुक्काको प्रयोग भएको छ । कृषिमा आधारित समाजपद्धति र तोरी खेतीको प्रचलनमा रहेका मानिसहरूको संस्कृतिको प्रतिबिम्बबाट 'तोरीका फुल देख्नु' टुक्काको निर्माण भएकाले सोही अनुरूपको लाक्षणिक अर्थ व्यक्त हुन्छ । परीक्षाको प्रश्नपत्र पाएपछि तोरीका फुल देख्नु, समयमा ऋण बुझाउन नसक्दा तोरीका फुल देख्नु, वैदेशिक रोजगारमा जाँदा तोरीका फुल देख्नु, हाकिमको हप्काइमा तोरीका फुल देख्नु, छोराछोरीका आवश्यकता पूरा गर्न नसकेर तोरीका फुल देख्नु आदि फरकफरक संज्ञानात्मक सांस्कृतिक सन्दर्भहरू टुक्कामा व्यक्त भएको हुन्छ (सुवेदी, २०७०, पृ. १६३) । यसै अवधारणाअनुरूप टुक्काको अर्थ विश्लेषण गर्न सकिन्छ ।

वस्तुवाद र विचारवाद दुई फरक अवधारणा हुन् । वस्तुवाद व्यक्तिभन्दा वस्तुलाई महत्त्व दिने अवधारणा हो भने विचारवाद वस्तुलाई भन्दा व्यक्तिलाई महत्त्व दिने अवधारणा हो (ल्याकोफ र जोन्सन, सन् १९८०, पृ. १८९) । वैज्ञानिक सत्य, विवेकशीलता, शुद्धता, प्रस्टता र अविभेदतालाई वस्तुवादले अँगाल्दछ । विचारवाद यसको विपरीत भावुकता, अन्तर्दृष्टि, काल्पनिकता, मानवता र कला सम्बन्धी उच्च सत्यमा आधारित हुन्छ । यी दुईले फरक अवधारणा राखे पनि दुबैबाट खास क्षेत्रमा एउटा साझा अवधारणा अगाडि आउँछ । ज्ञानका विविध क्षेत्रमध्ये वस्तुवाद र विचारवाद खास क्षेत्रमा प्रभावपूर्ण रहेको हुन्छ । यी दुवैको प्रभाव व्यक्ति र संस्कृतिमा पर्दछ । लाक्षणिक अर्थको सन्दर्भमा वस्तु र विचारका बिच एक प्रकारको समन्वय हुन्छ । एउटा वस्तुलाई अर्को विचारसँग जोड्नका लागि आवश्यक अनुभवीय पूर्णता यी दुवैको समन्वयबाट मात्र सम्भव हुन जान्छ (ल्याकोफ, सन् १९८७, पृ. ८९) । लाक्षणिक रूपमा शब्दहरूको प्रयोग गर्नु असन्दर्भगत प्रयोग हो । यसमा भावना र कल्पनाका कारण वास्तविक सत्यभन्दा भिन्न विचार रहन्छ ।

वस्तुहरूका बिचको सम्बन्ध मानवको अनुभवीय पूर्णतामा आधारित हुन्छ । सार्वभौम ज्ञान र नैतिकता विचारबाट प्रेरित छ । मानवज्ञानसँग रूपक सम्बन्धित हुन्छ । यसले नयाँ अर्थ निकाल्नका लागि संयन्त्रको काम गर्दछ । यसबाट नयाँ अर्थसँगै नयाँ सत्यको निरूपण हुन्छ । पारम्परिक रूपक अवधारणाको आधारभूत तहका रूपमा रहन्छ । यसपछि भाषाका बारे देखिएको समसामयिक दृष्टिकोण, अर्थ र सत्यको अनुभव हुन जान्छ । ल्याकोफ र जोन्सनले भाषा, अर्थ, सत्य र ज्ञानका सन्दर्भमा आफ्ना अवधारणाहरू प्रस्तुत गर्दै भाषा भनेको वक्ताले प्रस्तुत गरेको सन्देश मानेका छन् (ल्याकोफ र जोन्सन, सन् १९८०, पृ. १९६) । भाषा निश्चित अर्थका लागि एउटाले प्रयोग गर्ने अर्काले सुनेर ग्रहण गर्ने गर्दछ । भाषाका लागि अर्थको सिद्धान्त सत्यको सिद्धान्तमा आधारित हुन्छ । ल्याकोफ र जोन्सनका अनुसार अर्थ मानवज्ञानभन्दा स्वतन्त्र, वस्तुगत र आकारविहीन हुन्छ भने सत्य अनुभूत गरिने विषयका रूपमा रहन्छ (ल्याकोफ र जोन्सन, सन् १९८०, पृ. १९७) ।

मानव अवधारणाबाट टुक्काको संरचना तयार हुन्छ । टुक्कामा भएको अवधारणात्मक संरचना नै टुक्काको अर्थ हुन्छ । भाषामा व्यक्त अवधारणात्मक संरचना लाक्षणिक प्रकृतिको हुन्छ (बन्धु, २०५८, पृ. ८४) । भौतिक र सांस्कृतिक अनुभवबाट अवधारणात्मक संरचनाको आधार तयार हुन्छ । अर्थ अवधारणात्मक प्रणालीसँग सम्बन्धित हुन्छ । सत्यको सम्बन्ध पनि अवधारणात्मक प्रणालीसँग नै रहन्छ । यसर्थ अर्थ र सत्यका बिच अन्तर्सम्बन्ध रहेको हुन्छ (ल्याकोफ र जोन्सन, सन् १९८०, पृ. १९७) । तर अर्थ सत्यभन्दा बाहिरको विषय हो । अर्थलाई चिनाउने क्रममा सत्य र असत्यका रहस्यहरू प्रकट गरिएका छन् । भाषाका वाक्यमा सामाजिक सहमतिअनुरूपको अर्थ व्यक्त भएको हुन्छ । वक्ता, श्रोता, संवादको समय र स्थान आदिले अर्थ निर्धारण गर्दछ । आफ्ना पूर्वज्ञान र अनुभवको प्रभाव यसमा पर्दैन । एउटा सुगाले 'पानी परिरहेको छ' भन्यो भने वा मानिसले 'पानी परिरहेको छ' भन्यो भने पानी परेमा त्यो सत्य हुन्छ र पानी नपरेमा

सत्य हुन सक्दैन, वस्तुगत सत्यमा वस्तु र अर्थका बिच संयोजन हुन जान्छ (ल्याकोफ र जोन्सन, सन् १९८०, पृ. २७६)। तर रूपकका सन्दर्भमा अर्थ यसभन्दा फरक हुन्छ। 'माटो खानु' मा कसैले माटो खाएको छ वा छैन, 'माटो' खाने वस्तु हो वा होइन भन्ने पूर्वधारणाले काम गर्दैन र वस्तुगत सत्यता पनि यसमा रहँदैन। व्यक्त भएको भाषिक प्रयोगलाई ग्रहण कर्ताले जे सोचका लागि ग्रहण गर्दछ त्यो नै त्यसको अर्थ हो (लेविस, सन् १९७२, पृ. ९६) । व्यक्त गर्नेको सोचमा मात्र अर्थ निर्भर नभई ग्रहण कर्ताको सोचमा पनि निर्भर गर्दछ। 'छोराको व्यवहारले सुब्बाको नाक काटियो' वाक्यमा सुब्बाको नाक काटिनै पर्ने वस्तुगत सत्य आवश्यक पर्दैन । यस अवस्थामा छोराको 'खराब आचरण' सुब्बाको नाक काटिने सन्दर्भको कारण बन्न सक्छ र त्यो कथन सत्य हुन सक्छ (सुवेदी, २०७०, पृ. १६७)। त्यो सत्य लाक्षणिक हुन्छ।

वस्तुगत अर्थ व्यक्तिले छुट्याउन र निर्धारण गर्न सक्छ। कसैले केही कुरा बोल्दा आएका शब्दहरूको अर्थ निर्धारण सामाजिक सम्झौता अनुरूप गरिएको हुन्छ । शब्दको अर्थ यादृच्छिक र आकाररहित हुन्छ । भाषामा व्यक्त भएका अनुभूतिहरू वस्तुगत अर्थमा आधारित हुन्छन्। बोल्दा वा केही गर्दा व्यक्त भएको अर्थ वस्तुगत सत्यमा निर्भर रहे पनि आकारविहीन हुन्छ (फ्रिज, सन् १९६६, पृ. १५७)। मानिसमा उब्जने सोच नै अर्थ हो। भाषाका अभिव्यक्तिहरू निश्चित सोचमा आधारित हुन्छन्। त्यसबाट सत्यनिरूपण र अर्थनिरूपण हुन जान्छ (मुन, सन् १९९८, पृ. १८८) । यसकारण अर्थ र सत्यका सिद्धान्तहरू पूर्णतः स्वेच्छिक हुन्छन्।

शब्द र अर्थको विश्लेषण गर्नु अर्थविज्ञानको विषय हो । भाषाका प्रयोक्ताहरू उनीहरूका आग्रह, सोच, अनुभव, मानसिक विचार, सामाजिक नियम, सहमति र नियमितताभित्र बाँधिनुपर्ने अपेक्षा राख्दछन्, तर त्यसबाट अर्थ पूर्णरूपमा निरूपण हुँदैन (लेविस, सन् १९७२, पृ. १०५) । सङ्केतहरू अवधारणासँग बाँधिएका हुन्छन्। यी व्यक्तिमा स्वेच्छिक रूपमा रहेका हुन्छन्।

ल्याकोफ र जोन्सनका अनुसार अर्थको सिद्धान्त सत्यको सिद्धान्तमा आधारित हुन्छ । आफ्नो प्राप्त ज्ञान बाह्य सन्दर्भसँग मिल्न जान्छ। वाक्यको अर्थ ज्ञान र सन्दर्भले निर्धारण गर्ने अवस्था हो। त्यो सत्य वा असत्य दुबै हुन सक्दछ (सन् १९८०, पृ. १७३) । शब्दमा शाब्दिक अर्थ र सत्यका अवस्थाहरू देखिएका हुन्छन्। वाक्यहरू निश्चित सन्दर्भको प्रयोगबाट टाढा रहन्छन् (डेभिडसन, सन् १९७८, पृ. ३३)।

अर्थको निर्धारण सम्पूर्णतामा हुन्छ। विभिन्न वस्तुहरूको संयोजनबाट संसारको निर्माण भएको हुन्छ। त्यसले सहज किसिमका गुणहरूलाई परिभाषित गरेको हुन्छ । प्राप्त गरिएको अनुभव स्वतन्त्र किसिमको हुन्छ (फङ्क, सन् २००१, पृ. ७६) । अनुभवहरू एकअर्काको सम्बन्धबाट नियन्त्रित रहेका हुन्छन् । अनुभवमा रहेका अवधारणाअनुसार अर्थको सम्पूर्णताको सिद्धान्त निर्माण हुन्छ। भौतिक जगत्को निर्माण पूर्ण परिभाषित वस्तुहरूबाट भएको हुनाले त्यसको नाम दिन सकिन्छ तर एउटा वस्तुका गुणहरू अर्को वस्तुमा सार्न विचारको आवश्यकता हुन्छ। बाह्य जगत्का सन्दर्भहरू शब्दका माध्यमबाट वाक्यमा प्रकट गर्न विचार आवश्यक हुन्छ (मुन, सन् १९९८, पृ. १९५) । वाक्यको अर्थ शब्द, पदावली आदिमा भएको मेलका आधारमा निर्धारण हुन्छ। खण्डको अर्थले नामकरण गर्ने, वस्तु बुझाउने, गुण र सम्बन्ध देखाउने आदि आधार देखाउँदछ। भौतिक जगत्को निर्माण विभिन्न वस्तुहरूबाट भएजस्तै गरी वाक्य पनि त्यसभित्रका संरचक घटकबाट बन्दछ।

भाषाको आफ्नो अस्तित्व हुन्छ । भाषाका गुण अथवा सम्बन्ध भाषाअनुरूप फरक-फरक हुन्छ । क्वाइनले अस्तित्वसूचक सम्बन्धले भाषाको अस्तित्व रहन जाने धारणा राखेका छन् । अस्तित्वसूचक सम्बन्ध मानवज्ञान र सांस्कृतिक विविधताभन्दा भिन्न हुन्छ। ल्याकोफ र जोन्सनका अनुसार संसारमा भएका वस्तुको विशेषता र प्रकृति एउटै

हुन सक्छ तर त्यसलाई भाषामा फरकफरक किसिमबाट व्यक्त गरिएको हुन्छ । एउटा भाषामा सत्य मानिने विषय अर्कोमा सत्य नभई भाषा अनुरूप सत्य र अर्थ फरक-फरक हुन सक्दछ (सन् १९८०, पृ. २०२) ।

टुक्कामा सांस्कृतिक प्रतीक

नेपाली भाषाका टुक्काहरू लोकबाट जन्मेका हुन् । खासगरी ग्रामीण क्षेत्रमा रहेका लोकमानसले टुक्काको प्रयोग गरेका हुन्छन् । टुक्काका माध्यमबाट लोकले आफ्नो वरिपरि वा सेरोफेरोको प्रकृति, वस्तु, घटना र क्रियाकलापप्रति विश्वदृष्टि पनि प्रकट गरेको हुन्छ । विश्व-ब्रह्माण्ड र यहाँका वस्तु, विषय र प्राणीका बारेमा लोकको हेराइ, बुझाइ र सोचाइ तथा लोकसमुदायका मूल्य-मान्यता, चालचलन र जीवनभोगाइहरू टुक्कामा प्रकट भएको छ । लोकको त्यस्तो हेराइ-बुझाइ र सोचाइलाई नै प्रस्तुत सन्दर्भमा विश्वदृष्टि भनिएको छ । केन फङ्क (सन् २००१, पृ. ४४) ले वास्तविकताको मूलभूत पक्ष (वस्तु) का बारेमा बनेको विश्वासको त्यस्तो कडीलाई विश्वदृष्टि मानेका छन् जसमा प्रत्येकको बुझाइ, विचार, जानकारी र कार्य प्रभावित हुन्छ र स्थान दिन्छ । उनका अनुसार विश्वदृष्टि विश्वलाई हेर्ने दृष्टि र विश्वास पनि हो । विश्वदृष्टि संस्कृतिकै आधारमा बनेको हुन्छ र संस्कृतिकै आडमा टुक्का र त्यसको अर्थ निर्धारण भएको हुन्छ (लङ्गेकर, सन् १९९१, पृ. २५५) । मानिसले आफ्ना वरपरका मूर्त-अमूर्त वस्तुका वैशिष्ट्यलाई अनुभवसँग जोडेर टुक्काहरूको निर्माण गर्दछ । टुक्कामा एउटा घटकको अन्य घटकसँग सांस्कृतिक दृष्टिकोण समेतको सहप्रयोगमा विशिष्ट अर्थ व्यक्त भएको हुन्छ । यस्ता टुक्काहरू भाषामा रूढ भइसकेका हुन्छन् ।

धर्मसम्बन्धी सांस्कृतिक प्रतीक

नेपालको सांस्कृतिक प्रतीकका रूपमा धर्म पनि रहिआएको छ । धर्म सम्बन्धी अवधारणाको प्रभाव नेपाली भाषामा परेको छ । टुप्पी, चुरा, जनै, शालिग्राम, देव, कुश, धर्म, धर्मपुत्र, ईश्वर, धूप, पूजा, देवता र पानी जस्ता सांस्कृतिक प्रतीकका रूपमा रहेका शब्दको प्रयोगबाट नेपाली भाषाका टुक्काहरू बनेका छन् । यस किसिमका टुक्काहरू समाजमा रूढ भइसकेका हुन्छन् र यिनको अर्थ सहजै बोधगम्य नभई सांस्कृतिक प्रतीकका आधारमा हुन्छ । नेपाली समाजमा दैनिक प्रयोगमा आउने धर्म सम्बन्धी टुक्काहरू र तिनको अर्थ तल दिइए अनुसार प्रस्ट हुन्छ ।

(१) टुप्पी काट्नु	जोगी हुनु
(२) चुरा फुट्नु	वैधव्य जीवन जीउन बाध्य हुनु
(३) जनै समाउनु	कसम खानु
(४) शालिग्राम समाउनु	सत्य वचन बोल्नु
(५) दैवको लाठो	सङ्कटको क्षण
(६) कुशको बाहुन	केही गर्न नसक्ने व्यक्ति
(७) धर्म कमाउनु	सत्कर्म वा पुण्यार्जन गर्नु
(८) ईश्वर दाहिने हुनु	अनुकूल हुनु वा भाग्य सप्रनु
(९) दैव लाग्नु	दशा बिग्रनु
(१०) पूजा गरेर राख्नु	सम्मान गरेर राख्नु
(११) बम भोला	ज्यादै सोझो व्यक्ति

(१२) देवता चढ्नु आक्रोशित बन्नु, काँप्न थाल्नु
(१३) पानी पार्नु सङ्कल्प गर्नु

संस्कारसम्बन्धी सांस्कृतिक प्रतीक

संस्कार सामाजिक एवम् सांस्कृतिक मूल्यमान्यतामा आधारित विषय हो । मानव जीवनका विविध सांस्कृतिक मान्यताहरूमध्ये संस्कार पनि एक हो । मानिसले जन्मेदेखि नमरुन्जेलसम्म विभिन्न किसिमका संस्कारहरू गर्ने गर्दछ । नेपाली संस्कृतिमा यसलाई धेरै पहिलेदेखि नै ग्रहण गरिँदै आएको छ । यस्तै संस्कारसँग सम्बन्धित शब्दहरूबाट बनेका टुक्काहरू नेपाली भाषामा छन् । यस किसिमका शब्दबाट बनेका टुक्काको तात्पर्य ती शब्दको सांस्कृतिक अवधारणाको अर्थमा आधारित रहेको हुन्छ । नेपाली भाषामा यस किसिमका टुक्काहरूको प्रयोग भएको पाइन्छ । नेपाली समाजमा दैनिक प्रयोगमा आउने संस्कार सम्बन्धी टुक्काहरू टुक्काको अर्थ तल दिइएको छ :

(१६) एकोहोरो शङ्ख बज्नु मृत्युको सन्देश दिनु
(१७) सिन्दुर पर्नु विवाह हुनु
(१८) सिउँदो पुछिनु वैधव्य जीवन सुरू हुनु
(१९) बिहाको सिन्दुर गुमाउन नहुने वस्तु
(२०) लगन गाँठो कस्नु बिहे गर्नु
(२१) लगनपछिको पोते असमयको वस्तु
(२२) घरजम गर्नु विवाह गर्नु
(२३) तुलसीको मठमा सार्नु मृत्युनिकट पुग्नु
(२४) चितामा चढ्नु सती जानु वा मर्नु
(२५) पुर्पुरोमा हात लाउनु दुःख प्रकट गर्नु
(२६) गउँत खानु आशोचबाट चोखिनु
(२७) छैँटीदेखिको बल सम्पूर्ण शक्ति प्रयोग गर्नु

लोकविश्वाससम्बन्धी सांस्कृतिक प्रतीक

नेपाली समाजमा कतिपय अवधारणाहरू लोकविश्वासमा आधारित रहेका छन् । युगौँदेखि सामाजिक प्रचलनमा रहेका ती अवधारणाहरूको कुनै प्रामाणिक तथ्य नभए तापनि लोकजीवनमा प्रचलित छन् । पुस्तौँदेखि एक पुस्ताबाट अर्को पुस्तामा सर्दै गएका यी अवधारणाहरू हालसम्म पनि रहिआएका छन् । टुक्काहरू नेपाली लोकजीवनमा हुर्केका हुनाले ती अवधारणा मिश्रित टुक्काहरू नेपाली भाषामा छन् । टुक्कामा व्यक्त भएका ती अवधारणाहरू सामाजिक सांस्कृतिक प्रतीकका रूपमा रहेका छन् । सांस्कृतिक प्रतीकको अवधारणामा रहेका ती टुक्काको विश्लेषण यहाँ गरिएको छ । कपाल, सराप, पानी, चुल्ठो, नाइटो, छडी, डाडुपन्यु, तामातुलसी, श्राद्ध, पोथी, अगति, पिण्डपानी, पितृ, बोक्सी, भूत, स्वास्नी, जुत्ता, आँखा, चोखे, उल्टो, नछुने, धारेहात जस्ता शब्दसँग अन्य शब्द मिलेर बनेका टुक्काको तात्पर्यलाई लोकविश्वासको मान्यतामा आधारित सांस्कृतिक प्रतीकबाट विश्लेषण गर्न सकिन्छ । यस सम्बन्धी केही टुक्का र तिनको अर्थ तल दिइएको उदाहरणबाट हेर्न सकिन्छ :

(२८) कपाल नुहाउने हुनु	रजस्वला हुनु
(२९) कपाल ढाक्नु	सम्मान प्रकट गर्नु
(३०) सराप पर्नु	ठुलो हानी नोक्सानी
(३१) पानी छुनु	सामाजिक मर्यादा पालन गर्नु
(३२) चुलोमा नाइटो गाड्नु	खाने समयमा आइपुग्नु
(३३) जादुको छडी घुमाउनु	तुरुन्त प्रभाव पार्नु
(३४) डाडुपन्यु चाट्नु	अभावमा पर्नु
(३५) तामा-तुलसी भाक्नु	सत्यता प्रमाणित गर्नु
(३६) श्राद्धमा बिरालो बाँध्नु	अन्धानुकरण गर्नु
(३७) पोथी बास्नु	नारीको हैकम चल्नु
(३८) अगति पर्नु	अशुभ हुनु
(३९) पिण्डपानी चल्नु	समान हुनु
(४०) पितृ तर्नु	मरिसकेकाले मुक्ति पाउनु
(४१) बोक्सीको सास	अनावश्यक हुरीबतास
(४२) भूत चढ्नु	रिस बढ्नु, उत्तेजित हुनु
(४३) फरियामा लुक्नु	श्रीमतीको आज्ञापालन गर्नु
(४४) जुत्ता उल्टो हुनु	अशुभ सङ्केत हुनु
(४५) आँखा फरफराउनु	शुभ र अशुभ सङ्केत मिल्नु
(४६) चोखे फाल्नु	कुदृष्टि पन्छाउनु
(४७) नछुने हुनु	रजस्वला हुनु
(४८) धारे हात लगाउनु	श्राप दिनु

पुराणसम्बन्धी सांस्कृतिक प्रतीक

पुराण विभिन्न उपदेश एवम् कथाले भरिएको धर्मग्रन्थ हो । यसमा भएका विभिन्न सन्दर्भजनित शब्दबाट बनेका टुक्कामा नेपाली सांस्कृतिक प्रतिबिम्ब व्यक्त भएको हुन्छ । पुराणसँग सम्बन्धित शब्दबाट बनेका टुक्का, तिनको तात्पर्य र अर्थ यस प्रकार छ :

(४९) ब्रह्मले देख्नु	अन्तस्करणमा लागेको भावना
(५०) रामनाम जप्नु	पटक-पटक आवृत्ति गरिरहनु
(५१) रामायण सुनाउनु	बेलिविस्तार गर्नु
(५२) लक्ष्मीले बास गर्नु	आर्थिक सम्पन्नता
(५३) सरस्वती-पुत्र	विद्वान् वा विद्याका उपासक
(५४) पुराण सुनाउनु	उपदेश दिनु
(५५) वैकुण्ठवास हुनु	मृत्यु हुनु
(५६) सुदामाको कनिका	तुच्छ प्रेमोपहार

(५७) स्वाहा हुनु	नाश हुनु, खरानी पर्नु
(५८) श्रीगणेश गर्नु	थाल्नु
(५९) सतीको सराप लाग्नु	भलो गर्न चाहनेको पतन हुनु
(६०) अर्जुन-दृष्टि	अर्जुनको झैं एक मात्र लक्ष्य
(६१) कुबेरको ढुकुटी	जति खर्च गरे पनि नसकिन
(६२) दुर्वासा बन्नु	रिसाहा स्वभाव देखाउनु
(६३) नारदे विद्या	कुरौटे ज्ञान
(६४) यमराजको पाहुना	मृत्यु

जात र पेसासम्बन्धी सांस्कृतिक प्रतीक

नेपाल बहुजातीय देश भएका कारण पहिलेदेखि नै विभिन्न जातजातिका मानिसहरू रहिआएका छन् । नेपाली सांस्कृतिक धारणाअनुसार पनि उनीहरूले गर्ने पेसाका आधारमा जातिको अस्तित्व रहेको अनुमान गर्न सकिन्छ। नेपाली भाषामा भएका टुक्काहरू पनि जाति र पेसाका आधारमा बनेका छन्। यस्तै जात र पेसासँग सम्बन्धित शब्दबाट बनेका टुक्का र तिनको तात्पर्य तलका उदाहरणमा दिइएको छ :

(६५)) कामीको लँगौटी	फोहर लुगा
(६७) बाहुनले श्राद्ध खानु	धेरै खानु, खन्चुवा प्रवृत्ति
(६८) पाँडे-पजनी	कुनै नियमबिना नै कामको बाँडफाँड गर्नु वा खोसुवा बढुवा गर्नु
(६९) कहतारो थापेर हिँड्नु	मागेर जीवन निर्वाह गर्नु

आचरणसम्बन्धी सांस्कृतिक प्रतीक

आचरणले मानिसको बानी र स्वभावलाई जनाउँछ । यो नेपाली समाजमा पारम्परिक रूपमा चलिआएको छ । मानिसले आफ्ना अग्रजहरूबाट भाषा सिकेकै अवस्थामा यो सिक्दछ। कतिपय व्यवहारबाट र कतिपय आफैले ग्रहण गरेर समाजमा प्रसिद्ध व्यक्ति बन्ने सामाजिक मर्यादा समाजबाट नै सिकिएको हुन्छ। नेपाली संस्कृतिमा भएका यस किसिमका स्वभावजन्य शब्दबाट टुक्काहरू बनेका छन् । ती टुक्काको अर्थ विश्लेषणका लागि सांस्कृतिक प्रतीकका रूपमा रहेका अवधारणहरूलाई आधार मान्नुपर्ने हुन्छ। नेपाली समाजमा दैनिक प्रयोगमा आउने आचरण सम्बन्धी टुक्काहरू र तिनको अर्थ तल दिइए अनुसार प्रस्ट हुन्छ।

(७०) जिउ गर्नु	ढोग्नु
(७१) गुहुको टीका लगाउनु	बेइज्जतीपूर्ण कुकर्मको भागी बन्नु
(७२) बढी भोटो फटाउनु	अनुभवी हुनु
(७३) बाख्रीको पुच्छर खानु	बढी चञ्चल हुनु
(७४) किरिया हाल्नु	प्रतिज्ञा गर्नु
(७५) अग्नि परीक्षा	अत्यन्त कठिन परीक्षण
(७६) भगीरथ प्रयत्न	गहिरो लगाव
(७७) बतासे छोरो	बाबुको निधो नभएको सन्तान

ज्योतिषसम्बन्धी सांस्कृतिक प्रतीक

मानिसका जीवनका विषयमा भूत, वर्तमान र भविष्यत् तथा विश्व ब्रह्माण्डका सम्बन्धमा भविष्यवाणी गर्ने शास्त्रका रूपमा ज्योतिषलाई लिइन्छ । विशेष गरी संज्ञानात्मक अवधारणाअन्तर्गत मानिसले सबैभन्दा पहिले आफूलाई चिन्ने र त्यसपछि मात्र बाह्य जगत् र विश्व ब्रहमाण्ड चिन्ने हुनाले नेपाली भाषामा बनेका अधिकांशजसो ज्योतिषीय विषयका टुक्का भाव केन्द्रित रहेको पाइन्छ । यस सम्बन्धी टुक्काहरू मानिसको भाग्य, कर्म तथा ग्रहगोचर सम्बन्धी रहेका छन् । नेपाली समाजमा दैनिक प्रयोगमा आउने ज्योतिष सम्बन्धी टुक्काहरू र तिनको अर्थ तल दिइए अनुसार प्रस्ट हुन्छ ।

(७८) निधारमा लेख्नु	सबै फलिफाप हुनु
(७९) पुर्पुरोमा हुनु	भाग्यमा रहनु
(८०) साढे सात लाग्नु	दुर्दिनको थालनी हुनु
(८१) ग्रहण लाग्नु	बिघ्नबाधा,कलङ्क वा अधोगति
(८२) अक्षता पर सार्नु	भाकल गर्नु
(८३) दैवको फेला पर्नु	अपर्झट हुने नोक्सानी वा मृत्यु
(८४) कर्मको खोटो	भाग्यले ठगिएको व्यक्ति
(८५) नक्षत्र लागेजस्तो हुनु	निकै दुःख पाउनु
(८६) भ्रामरीले भेट्नु	मन बिग्रनु, या फिरन्ते हुनु
(८७) कुमार ग्रह उतार्नु	वैवाहिक सन्दर्भ अनुकूल पार्नु
(८८) चन्द्रमा दाहिने हुनु	अनुकूल परिस्थिति उत्पन्न हुनु
(८९) जन्तर लगाउनु	प्यारो गरी सँगै राख्नु
(९०) चिन्हा मिलाउनु	केटाकेटीको ग्रह जाँच गर्नु
(९१) खड्गो काट्नु	ठुलो आपत्‌बाट बँच्नु
(९२) साइत पर्नु	काम बन्नु
(९३) भाग्य चम्कनु	सौभाग्य आरम्भ हुनु

खेलसम्बन्धी सांस्कृतिक प्रतीक

मानिसको मनोरञ्जनका विभिन्न तरिकामध्ये एउटा खेल हो । आफ्ना अनुभवमा रहेका खेल सम्बन्धी विषयका आधारमा टुक्काहरू निर्माण भएका छन् । विभिन्न पर्व र अवसरमा खेलिने खेलसम्बधी टुक्काहरूले नेपाली सांस्कृतिक अवधारणा प्रस्तुत गरेको छ । नेपाली समाजमा दैनिक प्रयोगमा आउने खेल सम्बन्धी टुक्काहरू र तिनको अर्थ तल दिइए अनुसार प्रस्ट हुन्छ ।

(९४) बाउन्न अध्याय गीता पाठ गर्नु	तास खेल्नु
(९५) भैलो खेल्नु	सबैलाई सुनाउनु
(९६) फागु खेल्नु	तथानाम गाली गर्नु
(९७) रत्यौली खेल्नु	उच्छृङ्खल हुनु
(९८) झिङ्गे दाउ	मौका वा अवसर

जीवजन्तु र पक्षीसम्बन्धी सांस्कृतिक प्रतीक

मानिसले आफू र आफ्नो घरभित्रका वस्तुहरू चिनिसकेपछि घरबाहिरका वस्तुहरू चिन्ने क्रममा जीवजन्तु र पंक्षीहरू पनि चिनेको र तिनका बारेमा आफ्नो धारणा बनाएको हुन्छ । आफ्नो ज्ञान र अनुभवका आधारमा आफूले जानेबुझेका जीव र पंक्षीका विशेषतालाई मानवीय प्रवृत्तिसँग जोडेर टुक्का निर्माण गर्दछ । मानिसको निकट रहेका कुकुर, भेडो, बोको, गाई, काग, गिद्ध जस्ता जीवजन्तु र पंक्षीका विशेषताबाट बनेका टुक्का यसअन्तर्गत पर्दछन् । नेपाली समाजमा दैनिक प्रयोगमा आउने जीवजन्तु र पक्षी सम्बन्धी टुक्काहरू र तिनको अर्थ तल दिइए अनुसार प्रस्ट हुन्छ ।

(९९) कुकुरको निद्रा	चाँडै ब्युँझने प्रवृत्ति
(१००) भेडो बन्नु	बुद्धिहीन वा सोझो बन्नु
(१०१) अष्टमीको बोको	समर्पित निरीह व्यक्ति
(१०२) कागले नाघेको पानी	असमयमा गरिएको काम वा साइत बिग्रेको अवस्था
(१०३) गिद्धे दृष्टि	नराम्रो भावनाले हेर्नु
(१०४) भदौरे गाई	अलच्छिनी गाई

हातहतियारसम्बन्धी सांस्कृतिक प्रतीक

मानिसले आफ्नो रक्षाका लागि हात हतियार चिनेको हुन्छ । आफ्ना अनुभवमा आएका हातहतियारहरूका आधारमा नेपाली टुक्का बनेका छन् । खुकुरी, खाँडो, जाल जस्ता शब्दबाट बनेका टुक्कामा तिनका विशेषता लक्षित भएका छन् । नेपाली समाजमा दैनिक प्रयोगमा आउने हातहतियार सम्बन्धी टुक्काहरू र तिनको अर्थ तल दिइए अनुसार प्रस्ट हुन्छ ।

(१०५)) खुकुरीको धारमा हिँड्नु	सङ्कटको सामना गर्नु
(१०६) खाँडो जाग्नु	विजयारम्भ गर्नु, धेरै जिद्धी गर्नु
(१०७) जाल थाप्नु	षड्यन्त्रको योजना बनाउनु

भावसम्बन्धी सांस्कृतिक प्रतीक

मानिसले आफ्ना अनुभवमा भएका धारणाहरूलाई अमूर्त किसिमका भावसँग जोडेर अर्थबोध गर्दछ । कतिपय यस्ता भावहरू हुन्छन् जसलाई प्रत्यक्ष अनुभव गर्न पनि सकिँदैन । यसैसँग सम्बन्धित रहेर नेपाली भाषामा भावजन्य शब्दहरू प्रयोग भएका छन् । तिनै भावजन्य शब्दबाट बनेका टुक्का र तिनको तात्पर्य तल दिइएका उदाहरणबाट प्रष्ट हुन्छ ।

(१०८) सतीत्व लुट्नु	बलात्कार गर्नु
(१०९) रतिमा सती जानु	अति लोभी हुनु
(११०) सत्मा रहनु	एउटै लोग्ने वा स्वास्नीसँग मात्र सम्पर्क गर्नु
(१११) त्रिशङ्कु हुनु	बिचको अवस्थामा रहनु
(११२) बुद्ध बन्नु	शान्त स्वभाव हुनु
(११३) जुवारी चल्नु	बाझाबाझ गर्नु
(११४) दोहोलो पार्नु	सतर्क पार्नु
(११५) बज्र पर्नु	अकस्मात् ठुलो विपत्ति आउनु

(११६) लाटो रिस — शान्त नहुने आक्रोश
(११७) वक्रदृष्टि — नराम्रो हेराइ वा कुभलो गर्ने नियत
(११८) कलङ्क पखाल्नु — प्रायश्चित गर्नु

समयसम्बन्धी सांस्कृतिक प्रतीक

समय मानिसका लागि आवश्यक विषय हो । यो मूल्यवान् छ । यसको उपयोग विभिन्न किसिमबाट गरिने हुनाले समयसँग गाँसिएका अनुभवका आधारमा टुक्काहरू बनेका छन् बार, महिना, वर्ष र युगजस्ता समयका विभाजनहरू मनिसले आफ्नो भोगाइका क्रममा विभाजन गरेका समयका आधार हुन् । यिनै आधारमा नेपाली भाषाका निम्नलिखित टुक्काहरू बनेका छन् :

(११९) आइतबार नहुनु — सहज बन्नु
(१२०) असारको पन्ध्र — हतारको समय
(१२१) फागुको गोठालो — अश्लील कुरा बोल्ने मानिस
(१२२) औंसीको जून — असम्भव कुरा भन्ने
(१२३) औंसी र पुर्ने हुनु — एउटा खुसी र अर्को दुःखी हुनु
(१२४) वर्ष खानु — उमेर छिप्पिनु
(१२५) कलिले छोप्नु — आदर्श विपरीत हुँदै जानु

परिमाणसम्बन्धी सांस्कृतिक प्रतीक

नेपाली संस्कृतिमा रहेका परिमाणबोधक अवधारणाहरू नेपाली भाषामा प्रयुक्त छन् र तिनको प्रयोग नेपाली टुक्कामा भएको छ । मानिसले आफ्ना दैनिक क्रियाकलापका क्रममा प्रयोग गर्ने गरेका धार्नी, मानो, चौरास, चौरासी, सोह्र, तिन आदि शब्दबाट बनेका टुक्का र तिनको तात्पर्य तल दिइएको छ ।

(१२६) मानो छुट्टिनु — अंशबन्डा गरी अलग बस्नु
(१२८) सोह्र श्रृङ्गार गर्नु — उच्च श्रृङ्गार गर्नु
(१२७) धार्नीको बिसौली हुनु — धेरै दुब्लाउनु
(१२९) चौरास काट्नु — निकै कष्टकर जीवन बिताउनु

निष्कर्ष

संज्ञानात्मक अवधारणा संस्कृतिमा आधारित विषय हो । कुनै पनि शब्दको अर्थ संस्कृतिअनुरूप निर्धारण भएको हुन्छ । प्रस्तुत सन्दर्भमा चर्चा गरिएका टुक्का र तिनको अर्थ नेपाली संस्कृतिमा निर्भर रहेको छ । कुनैका लागि धेरै असल हुन्छ भने कुनैका लागि थोरै असल हुन्छ । कुनैमा सक्रिय हुनु राम्रो हो भने कुनैमा निष्क्रिय हुनुलाई राम्रो मानिन्छ । 'पोथी बास्नु' (महिला अग्रसर हुनु) महिलाको क्रियाशीलता राम्रो नमान्ने नेपाली संस्कृतिको टुक्का हो । महिला निष्क्रिय भएको राम्रो मान्ने नेपाली संस्कृतिमा पोथी बास्नु लाक्षणिक छ । पितृसत्तात्मक समाज, घरपरिवार, पारिवारिक दायित्वबोध, सहनशीलता जस्ता नारीका गुणलाई हेरेर अग्रसर हुनु महिलाका लागि नराम्रो मान्ने नेपाली संस्कृति अनुरूप

पोथी बास्नु, जोइटिङ्ग्रे बन्नु, फरियामा घुस्रनु जस्ता टुक्काको प्रयोग भएको छ । कृषिमा आधारित समाजपद्धति तोरी खेतीको प्रचलनमा रहेका मानिसहरूको संस्कृतिको प्रतिबिम्बबाट तोरीका फुल देख्नु टुक्काको लाक्षणिक अर्थ व्यक्त हुन्छ। परीक्षाको प्रश्नपत्र पाएपछि तोरीका फुल देख्नु, समयमा ऋण बुझाउन नसक्दा तोरीका फुल देख्नु, वैदेशिक रोजगारमा जाँदा तोरीका फुल देख्नु, हाकिमको हप्काइमा तोरीका फुल देख्नु, छोराछोरीका आवश्यकता पूरा गर्न नसकेर तोरीका फुल देख्नु आदि फरक–फरक संज्ञानात्मक सांस्कृतिक सन्दर्भहरू टुक्कामा व्यक्त भएको हुन्छ । विभिन्न किसिमका सांस्कृतिक प्रतीकमध्ये धर्म, संस्कार, लोकविश्वास, पुराण, जात र पेसा, आचरण, ज्योतिष, खेल, जीवजन्तु र पंक्षी, हातहतियार, भाव, समय र परिमाणसँग सम्बन्धित सांस्कृतिक प्रतीकका आधारमा मात्र नेपाली टुक्काको अर्थविश्लेषण गर्न सकिने हुन्छ । टुक्काको अर्थ संस्कृतिमा निर्भर हुने हुनाले संस्कृतिभन्दा अलग रहेर टुक्काको अर्थ विश्लेषण गर्न असम्भव हुन्छ ।

सन्दर्भ सामग्रीसूची

बन्धु, चूडामणि. (२०५८). *नेपाली लोक साहित्य.* काठमाडौँ : एकता प्रकाशन ।

सुवेदी, सखिशरण. (२०७०). *नेपाली टुक्काको सङ्कलन र अर्थ विश्लेषण,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

Davidson, G. (1978). *Dictionary of Idioms and Phrases*. Delhi : K. S. Paper Books.

Davidson, G. (1991). *Idiomatic Collocations.* Delhi : K. S. Paper Books.

Frege, G. (1966). On sense and reference. In P.Geach and M. Black (ed.), *Translation From the Philosophical Writings of Gottlob Frege.* Oxford : Blackwell.

Fillmore, C. J. (1982). Frame semantics. In *Linguistic Society of Korea* (ed.). Seoul : Hanshin.

Funk, K. (2001). What is world view ? Funkk/personal/worldview.html.

Fong, H. (1988). *The Stony Idiom of the Brain: A Study in the Syntax and Semantics* of *Metaphors.* UCSD Ph.D dissertation.

Lakoff, G. (1987). *Women, Fire and Dangerous Things.* Chicago : The University of Chicago Press.

Langacker, R. W. (1991). *Descriptive application*. Stanford : Stanford University Press.

Lakoff, G. & M. Johnson (1980). Metaphors we live by. Chicago, IL: University of Chicago Press.

Langacker, R.W. (1991b). Concept, image, and symbol. The cognitive basis of grammar. Berlin: Mouton de Gruyter.

Lewis, D. (1979). Scorekeeping in a language game. *Semantics from different points of view*, Robert. B. Urs E. and Arnim S. (ed.), pp 172-87. Berlin: Springer-Verlag.

Moon, R. (1998). *Fixed Expressions and Idioms in English. A Corpus Based Approach.* Oxford : Clarendon Press.

van Dijk, T. A. (1995a). Discourse semantics and ideology. Discourse & Society, 6 (2), 243-289.

van Dijk, T. A. (1995b). Ideological discourse analysis. New courant (4), 135- 161. Special issue Interdisciplinary approaches to discourse analysis, ed. by Eija Ventola and Anna Solin.

van Dijk, T. A. (1998a). Ideology: A multidisciplinary approach. London, Thousand Oaks,New Delhi SAGE.

van Dijk, T. A. (1998b). Opinions and ideologies in the press. In A. Bell & P. Garrett (Eds.), Approaches to media discourse (pp. 21-63). Oxford Blackwell.